# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, पुस १३ गते २०५२ साल अतिरिक्ताङ्क ३६ (ख+१)


## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

**बिभूषण (पहिलो संशोधन) नियमावली, २०५२**

विभूषण नियमावली, २०४८ लाई संशोधन गर्न बान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट मन्त्रिपरिषदको सल्लाह र सम्मतिले देहायको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमावलीको नाम “बिभूषण (पहिलो संशोधन) नियमावली, २०५२” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. बिभूषण नियमावली, २०४८ को नियम २४ मा संशोधन : बिभूषण नियमावली, २०४८ (यस पछि “मूल नियमावली” भनिएको) को नियम २४ को उपनियम (१) मा रहेको उपदानको रकमको **तालिकाको** सट्टा देहायको उपदान रकमको तालिका राखिएको छ


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## उपदानको रकमको तालिका

| क्र.सं. | मानपदवी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | चतुर्थ श्रेणी | पञ्चम श्रेणी |
|---|---|---|---|---|---|---|
| १. | त्रिभुवन प्रजातन्त्र श्रीपद | १४,४००।- | १२,०००।- | १०,०००।- | ८,०००।- | ६,०००।- |
| २. | नेपाल श्रीपद | १४,०००।- | ११,६००।- | ९,६००।- | ७,६००।- | ५,६००।- |
| ३. | नेपाल तारा | १३,६००।- | ११,२००।- | ९,२००।- | ७,२००।- | ५,२००।- |
| ४. | ओमराम पट्ट | १३,२००।- | - | - | - | - |
| ५. | त्रिशक्ति पट्ट | १२,८००।- | १०,८००।- | ८,८००।- | ६,८००।- | ४,८००।- |
| ६. | गोरखादक्षिण बाहु | १२,४००।- | १०,४००।- | ८,४००।- | ६,४००।- | ४,४००।- |

(३) मूल नियमावलीको नियम ४२ मा संशोधन : मूल नियमावलीको नियम ४२ को

(१) उपनियम (१) को खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (क), (ख), (ग) र (घ) राखिएका छन् :-

(क) सेना सौभाग्यभास्कर मासिक रु. ४००।- (चार सय)
(ख) नेपाल प्रतापबर्द्धक मासिक रु. २००।- (दुई सय)
(ग) सुबीर पट्ट मासिक रु. २००।- (दुई सय)
(घ) महेन्द्र प्रहरी मासिक रु. २००।- (दुई सय)

(२) उपनियम (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) को सट्टा देहायका खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) राखिएका छन् :-

(क) सेना सौभाग्यभास्कर - रु. १०,०००।– (दश हजार)
(ख) नेपाल महाप्रतापबर्द्धक - रु. ८,०००।- (आठ हजार)
(ग) नेपाल प्रतापबर्द्धक - रु. ६,०००।- (छ हजार)
(घ) सुबीर पट्ट - रु. ५,०००।- (पाँच हजार)
(ङ) महेन्द्र प्रहरी - रु. ४,०००।- (चार हजार)
(च) नेपाल यशोबर्द्धक - रु. ३,०००।- (तीन हजार)
(छ) वीर पट्ट - रु. ३,०००।- (तीन हजार)

४. मूल नियमावलीको नियम ७० मा संशोधन :- मूल नियमावलीको नियम ७० मा रहेको "चाँदीको" भन्ने शव्दको सट्टा "पहिलो पटक कास्य, दोश्रो पटक ताम्र, तेश्रो पटक रजत र चौथो पटक स्वर्ण" को भन्ने शव्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६४

५. मूल नियमात्रलीको नियम ७६ मा संशोधन :- मूल नियमावलीको नियम ७६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) देहाय बमोजिमको पदक पाउने व्यक्तिलाई देहाय बमोजिमको उपदान सुशोभन समारोहका दिन निज राजप्रासाद सेवाका भए राजकीय सम्पति कोष विभाग (विभूषण कोष) बाट शाही नेपाली सैनिक भए रक्षा मन्त्रालयबाट र सो बाहेक अन्यका हकमा भए गृह मन्त्रालयबाट एकमुष्ट प्रदान गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | सुप्रशंसनीय पट्ट | रु. ३,०००।- (तीन हजार) |
| (ख) | प्रशंसनीय पट्ट | रु. २,०००।- (दुई हजार) |
| (ग) | प्रहरी रत्न | रु. २,०००।- (दुई हजार) |
| (घ) | गजेन्द्र मोक्ष | रु. ३,०००।- (तीन हजार) |
| (ङ) | सैनिक सेवा पट्ट | रु. १,४००।- (एक हजार चारसय) |
| (च) | शाही रक्षक सेवा पदक | रु. दर्जा अनुसारको एक महिनाको शुरु तलवको रकम । |

(१) सोही पदकको इस्पातको स्वल्पाकार -- एक महीनाको शुरु तलवको रकम ।

(२) सोही पदकको तामाको स्वल्पाकार -- एक महीनाको शुरु तलवको रकम ।

(३) सोही पदकको चाँदीको स्वल्पाकार -- एक महीनाको शुरु तलवको रकम ।

(४) सोही पदकको सुनको स्वल्पाकार -- एक महीनाको शुरु तलवको रकम ।"

आज्ञाले,

**पदमप्रसाद पोखरेल**

श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९६